World Health Organization
Nepal

# प्रेश विज्ञप्ती

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ), नेपाल स्थित कार्यालयले नेपालमा बिभिन्न प्रयोजनहरुमा डब्ल्यूएचओको लोगो अनधिकृत रुपमा प्रयोग भएको बारेमा जानकारी प्राप्त गर्दै आएको छ ।

यस प्रति हाम्रो ध्यान आकर्षण भएको छ । डब्ल्यूएचओको लोगो वा प्रतिकको प्रयोग डब्ल्यूएचओद्वारा अनुमोदन गरिएका सामग्रीहरुमा मात्र प्रयोग गर्न सकिन्छ । यो लोगो प्रयोग भएको कुनै पनि सामग्रीहरु भनेको उक्त सामग्री डब्ल्यूएचओद्वारा अनुमोदन गरिएको हो भन्ने संकेत गर्दछ । डब्ल्यूएचओको लोगो वा प्रतिक डब्ल्यूएचओको लिखित अनुमतिद्वारा मात्र प्रयोग गर्न सकिन्छ ।

डब्ल्यूएचआको लोगो प्रयोग गर्न अनुमति प्राप्त गर्ने प्रक्रियाको लागि निर्देशिका डब्ल्यूएचओको वेबसाइटमा उपलब्ध छ ।

डब्ल्यूएचओ लोगोको उपयोग डब्ल्यूएचओसँग आधिकारिक रुपमा सहकार्य गरिरहेका तथा डब्ल्यूएचओका साथ काम गरिरहेका सरकारी निकायहरु र संस्थाहरुको लागि मात्र सीमित गरिएको छ ।

यस संदर्भमा सबैलाई तोकिय बमोजिम गर्नु गराउनको लागि अनुरोध गर्दछौ । कुनै यस किसिमको क्रियाकलाप देखापरेमा तुरुन्त डब्ल्यूएचओ, नेपाल स्थित कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछौ ।

**सम्पादकका लागि जानकारी :**

डब्ल्यूएचओको लोगो प्रयोग गर्ने बारे अधिक जानकारी *यहाँ* प्राप्त गर्न सकिन्छ ।

राष्ट्रिय सहकार्य रणनितिका बारेमा जानकारी *यहाँ* प्राप्त गर्न सकिन्छ ।

डब्ल्यूएचओ तथा डब्ल्यूएचओका कार्यहरुका बारेमा थप जानकारीका लागि यो लिकंमा जान सकिन्छ : http://www.who.int/Nepal

थप मिडिया सोधपुछकालागि कृपया यो ठेगानामा इमेल गर्नुहोस् : samatya@who.int